# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४०) काठमाडौं, फागुन १३ गते २०४७ साल (संख्या ४५


## भाग ३

### श्री ५ को सरकार

### अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले मुद्रा ऐन, २०४० को दफा ४ ले दिएको अधिकार प्रयोग गरी नेपाल अधिराज्यको संविधान, २०४७ जारी भएको उपलक्ष्यमा निम्न डिजाइन, नाप, तौलको असर्फी र सिक्काहरू टकमरी गरी निष्काशन गर्न नेपाल राष्ट्र बैंकलाई स्वीकृति दिइएकोले यो सूचना प्रकाशित गरिएको छ ।

असर्फीतर्फः–

अग्रभागः– बरिपरि ६४ थोप्लाभित्र श्री श्री चन्द्र, सूर्य, शंख, चक्र, गदा, पद्म र तल्लो भागमा २०४७ रही स्वस्तिक चिन्हभित्र श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेव र बीचमा त्रिशूल चिन्ह रहनेछ ।

पृष्ठभाग :– बरिपरि ६४ थोप्लाभित्र माथि अर्ध गोलाकार रूपमा नेपालीमा नेपाल अधिराज्यको, बीचमा किताबको पानामा संविधान २०४७, यसैको माथि नेपालको राष्ट्रिय फूल भएको झण्डा, किताबको तल नेपालीमा नेपाल र अंग्रेजीमा NEPAL, यसैको तल अर्ध गोलाकार रूपमा THE


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

CONSTITUTION OF THE KINGDOM OF NEPAL 1990 र किताबको दायाँ नेपालीमा असर्फी र बायाँ अंग्रेजीमा ASARFI रहनेछ ।

| | (१) | (२) | (३) |
|---|---|---|---|
| तौल | १० ग्राम $\pm$ ३० मि.ग्रा. | ५ ग्राम $\pm$ ३० मि. ग्रा. | २.५ग्रा. $\pm$ ३०.मि.ग्रा. |
| व्यास | २७.५ मि.मि. | २३.५ मि.मि. | १९ मि.मि. |
| धातु | शुद्ध सुन | शुद्ध सुन | शुद्ध सुन |
| सिरेशन | धर्सो भएको | धर्सो भएको | धर्सो भएको |
| थान | ५,००० | १०,००० | २५,००० |

**चाँदीतर्फ (रू. ३००।–)**

अग्रभागः– वरिपरि ६४ थोप्लाभित्र श्री श्री चन्द्र, सूर्य, शंख, चक्र, गदा, पद्‌म र तल्लो भागमा २०४७ रही स्वस्तिक चिन्हभित्र श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेव र बीचमा त्रिशूल चिन्ह रहनेछ ।

पृष्ठभागः– वरिपरि ६४ थोप्लाभित्र माथि अर्ध गोलाकार रूपमा नेपालीमा नेपाल अधिराज्यको बीचमा किताबको पानामा संविधान २०४७, यसैको माथि नेपालको राष्ट्रिय क्रस भएको झण्डा, किताबको तल नेपालीमा नेपाल र अंग्रेजीमा NEPAL यसैको तल अर्ध गोलाकार रूपमा THE CNSTITUTION OF THE KINGDOM OF NEPAL 1990 र किताबको दायाँ नेपालीमा रू. ३०० र बायाँ अंग्रेजीमा Rs. 300 रहनेछ ।

| | |
|---|---|
| दर | रू. ३०० |
| तौल | १८ ग्राम $\pm$ ३०० मि.ग्रा. |
| व्यास | ३६ मि.मि. |
| धातु | ९२.५% चाँदी $\pm$ १% |
| सिरेशन | धर्सो भएको |
| थान | २५,००० |

**सिक्कातर्फ (रू.५।–)**

अग्रभागः– वरिपरि ६४ थोप्लाभित्र श्री श्री चन्द्र, सूर्य, शंख, चक्र, गदा, पद्‌म र तल्लो भागमा २०४७ रही स्वस्तिक चिन्हभित्र श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेव र बीचमा त्रिशूल चिन्ह रहनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।